# स्थानीय सरकार
# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्याः २०८२।०८३

गण्डकी प्रदेश, नेपाल

**स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन, २०७९ बमोजिम तहवृद्धि सम्बन्धि ।।**

**(सूचना प्रकाशन मितिः २०८३।०३।१७)**

प्रस्तुत विषयमा गण्डकी प्रदेश सरकारद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन,२०७९ को दफा २७ र स्थानीय सेवा (गठन तथा सञ्चालन ) नियमावली, २०८० को नियम ४८ बमोजिम तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा न्यूनतम ९५ प्रतिशत अंक प्राप्त गरेको हुनुपर्नेछ । तोकिएको बमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा,समूह,उपसमूह भित्रको पदमा तह वृद्धि गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ । स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन,२०७९ को दफा २७ र ३१ बमोजिम योग्यता पूरा गरेका तथा दफा ४२ बमोजिम नकरात्मक सूचीमा नपरेका कालीगण्डकी गाउँपालिकाका स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले स्थानीय सेवा (गठन तथा सञ्चालन ) नियमावली २०८० को अनुसूची १५ बमोजिमका तहवृद्धि आवेदन फारम नेपाली कागजमा प्रिन्ट गरी फारममा उल्लिखित विवरण खुलाई ४ (चार) प्रति तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई यो सूचना प्रकाशन भएको १५ दिन भित्र कार्यालयमा पेश गर्नु हुन जानकारी गराइन्छ । साथै म्याद नाघि हुन आएका अपुरो विवरण गरी पेश भएका र ऐन बमोजिम तोकिएका कागजातहरु पेश नभएका आवेदनहरुलाई तहवृद्धिको प्रकृयामा सामेल नगराइने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>आवेदन साथ खुलाउनुपर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुको विवरणः</u>

१ रितपूर्वक भरिएको आवेदन

२ शुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि

३ सरुवा तथा रमाना पत्रको प्रतिलिपि १/१ प्रति (सरुवा भएका कर्मचारीहरुको लागि)

४ तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तरवृद्धिको प्रमाणित प्रतिलिपि

५ कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि र पदस्थापन पत्रको प्रमाणित प्रतिलिपि ।(समायोजन भएको कर्मचारीहरुको लागि)

६ न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत